कर्णाली प्रदेशको पहिलो राष्ट्रिय दैनिक

# युगआह्वान

yugnews.com

निष्पक्षता, निर्भिकता, निरन्तरता...

(ई पेपर पढ्न स्क्यान गर्नुहोस् ।)

वर्ष: २४ | अंक: १५ | वि.सं. २०८१ बैशाख १६ आइतवार | नेपाल संवत: ११४४, वैशाख कृष्ण चतुर्थी | Sunday 28 Apr. 2024 | yugaawhan@gmail.com | पृष्ठ: ४ | मूल्य: ५।-

## गाउँ शुन्य हुने गरी यार्सा टिप्न पाटनतिर लागे युवा

**गोल्डेन बुढा**
**जुम्ला, १५ वैशाख ।**

जुम्लाको पातारासी गाउँपालिकाका-६ उर्थु गाउँका चक्रबहादुर बेहोरा अहिले यार्सा संकलनका लागि पाटनतिर लागेका छन् । उनी एक हप्ता अघि नै घर छाडेका हुन् ।

स्वरोजगारका कुनै अवसर नभएपछि बाध्य भएर पाटनमा यार्सा संकलनमा खटिएको उनी बताउँछन् । यार्सा पाइएको खण्डमा वर्षदिनको खर्च व्यवस्थापन गर्न कुनै कठिनाइ हुँदैन । उनले भने, 'यहाँका अधिकांश युवा पाटनमा गएर यार्सा संकलन गर्छन् ।'

दुई महिना खटिएर पाटनमा यार्सा टिप्नसके कालापहाड जानुनपर्ने अनुभव उनको छ ।पातारासी गाउँपालिकाको आयआर्जनको मुख्य स्रोत भनेकै यार्सा बनेको छ । यहाँका स्थानीयले वर्षदिनका लागि आर्थिक जोहो यार्साबाटै गर्दै आएका छन् ।

त्यसैले यसपटक पनि उनीहरु यार्सा पाइने उच्च हिमाली पाटनहरुमा पुगेका छन् । उक्त गाउँका धनसिंह बोहोरा पनि यार्सा संकलनका लागि पाटनतिर हिडेका छन् ।

खेतिपाती खासै नभएकाले यसले वर्षभरि खान नपुग्ने उनले बताए । यसले गर्दा स्थानीयवासीको मुख्य जीविकोपाजर्नको स्रोत नै जडिबुटी हो । घरको उत्पादनले बाह्रै महिना खाना पुग्दैन । घर खर्चदेखि बालबच्चालाई स्कुल पढाउन लेखाउँन, लुगाफाटो किन्न समेत यार्सा संकलन गर्न जानुको विकल्प छैन । बोहोराले भने, 'मकै, आलु, कोदो, चिन्नु गोड्मेल र घरायसी सबै काम महिलाले गर्दछन् । घरको सबै समान जोहो गर्न यार्साकै भर पर्नु पर्ने अवस्था छ ।

यता अर्का युवा उर्थु गाउँकै रामबहादुर विष्ट भन्छन्, पातारासी गाउँपालिका ग्रामीण क्षेत्रका सर्वसाधारण वर्षेनी पाटनतर्फ जान्छौं । जेठ महिना लागे देखि पातारासी क्षेत्रका युवा मात्रै होइन युवायुवती र वृद्धवृद्धासम्म बच्चा बोकेर पाटनतर्फ हिडेका उनी बताउँछन् ।

यता पातारासी गाउँपालिका अन्तर्गतको शिक्षा शाखा प्रमुख अविराज उपाध्यायका अनुसार पातारासी १,२ र ३ वडा भित्रका विद्यार्थी,युवा,युवती धेरै मात्रामा पाटन पुगिसकेका छन् । अघिल्ला वर्ष भन्दा यो वर्ष विद्यार्थी कम मात्रामा गएको प्रअहरुले रिपोर्टिङ गरेको उनी बताउँछन् । शिक्षा शाखा प्रमुख अविराज उपाध्यायले केही दिन अगाडि उक्त गाउँपालिका भित्रका विद्यालय प्रअको मिटिङमा ७५ प्रतिशत हाजिर नभए तथा ३३ प्रतिशत पढाइ नभएको भए विद्यार्थी स्वत फेल गर्ने निर्यण गरिएको छ ।

यो सूचना विद्यालयले अभिभावकलाई पत्राचार गरेका छन् । उक्त गाउँपालिकामा १६ वटा सामुदायिक विद्यालय छन् । निमावि ६ वटा ६ वटा मावि र ४ वटा प्रावि छन् । उनले भने, 'यार्सा संकलन गर्ने समयमा दुई महिना विद्यार्थी विद्यालय नै आउँदैनन ।'

एक दशकदेखि यो क्रम जारी रहेको उल्लेख गर्दै उनले यसले पठनपाठनमा असर परेको जानकारी दिए । ५० प्रतिशत विद्यार्थी पाटन पुग्छन् । 'विशेषगरी निमावि र माविस्तरमा पढने विद्यार्थी लेकतिर जान्छन्', उनले भने । यता जुम्लाको गुठिचौर गाउँपालिका -२ का वडा अध्यक्ष दिपबहादुर ऐडीले वैशाख पहिलो हप्ता देखि १ र २ वडाका युता युवती पनि दिनदिनै यार्सा टिप्न पाटन जान लागेको बताए ।

प्रति दिन १० देखि २० जनाको लहर लागेको बताउँछन् । गोठिगाउँ,मुरुली,कोल्ते गाउँ मणिसाघुँ,मनिगाउ,चोत्र गाउँका सबै बेरोजगार युवा गएका हुन् । अहिले गाउँमा बालबालिका, महिला जेष्ठनागरिक मात्रै छन् । तातोपानी, सिंजा, कनकासुन्दरी, तिला र चन्दननाथ नगरपालिकाबाट गाउँका पनि १२ वर्षदेखि माथि ५० वर्षभन्दा तलका सबै पाटनतिर गएका छन् । गाउँमा बिरामीको रेखदेख गर्ने मान्छे भेट्न पनि मुस्किल छ । मर्दापर्दा मलामी जाने मान्छेढको पनि अभाव देखिएको बुढापाका बताउँछन् । दुई महिनामै वर्षभरि पुग्ने आम्दानी हुने मोहले अधिंकाश युवकयुवतीले वृद्ध आमाबाबु पनि छाडेर पाटनतिर लागेका छन् ।

विद्यार्थी विद्यालय छाडेर पाटनतिर उक्लिएका छन् । जुम्लाका ८० प्रतिशत यार्सा खोज्न पाटनतिर गएको अनुमान छ । तातोपानी गाउँपालिका -५ ऐरेनी गाउँकी नारायणी चौलागाईका अनुसार '

बाँकी ३ पेजमा

## बिउ उत्पादनमा आत्मनिर्भर बन्दै पूर्वी सुर्खेतका किसान

**ओम शाही**
**सुर्खेत, १५ वैशाख ।**

स्थानीयस्तरमा तरकारी तथा खाद्य बालीको बिउ उपलब्ध नहुँदा पूर्वी सुर्खेतको गुर्भाकोट नगरपालिका-७ का खड्कबहादुर खत्रीलाई १० वर्षअघि बिउ खरिद गर्न छिन्चु वा वीरेन्द्रनगर धाउनुपर्ने बाध्यता थियो । गाउँमै बिउ नपाउँदा समय त खेर जान्थ्यो नै, जान आउन लाग्ने खर्चसमेत दोब्बर हुन्थ्यो ।

उनले परम्परागत खेतीबाट परिवारलाई खान पुग्ने धान मात्रै उत्पादन गर्थे । तर, अहिले उनी धानको बिउमा आत्मनिर्भर मात्रै होइन, वार्षिक लाखौं आम्दानीसमेत गरिरहेका छन् । उनले १० कट्ठा जमिनमा हिउँदे र बर्खे गरी दुई सिजन भिण्डी र धान (सुख्खा चार) को बिउ उत्पादन गर्दै आएका छन् ।



६ जना परिवार रहेको खत्रीको मुख्य आम्दानीको स्रोत अहिले बिउ उत्पादन बनेको छ । उनले वार्षिक रोग कीरा र प्राकृतिक प्रकोपले असर नगरेको खण्डमा २ देखि ३ लाखसम्म आम्दानी गरिरहेका छन् । 'पहिले बिउ सहजै पाइँदैनथ्यो, अहिले बिउमा आत्मनिर्भर भएका छौँ, मूल्य पनि राम्रै पाएका छौँ,' उनले भने ।

गुर्भाकोटका लिलबहादुर थापाको कथा पनि खड्काको जस्तै छ । निर्वाहमुखी कृषि गर्दै आएका थापा पनि धान र मकैको बिउमा आत्मनिर्भर बनेका छन् । उनले आठ हेक्टर जमिनमा मकै, धान, गहुँ, बदाम आदिको बिउ उत्पादन गर्दै आएका छन् ।

बिउबाटै वार्षिक २ देखि ३ लाखसम्म आम्दानी उनले गरिरहेका छन् । खड्का र खत्री मात्रै हैन, गुर्भाकोट नगरपालिकाका १४ वडा, भेरीगंगा नगरपालिकाका २ वडा र सिम्ता गाउँपालिकाको १ वडाका करिब एक हजार ६ सय ४५ जना कृषकहरू बिउ उत्पादनमा आत्मनिर्भर बनेका छन् ।

बिउ उत्पादनमा ९ सयभन्दा बढी महिलाको सहभागिता छ । जिल्लाको पूर्वी क्षेत्र साविक मैनतडा, मेहेलकुना, साहरे, दहचौर र घुमखहरे गाविसहरूमा २०५२ सालमा वातावरण तथा कृषि नीति अनुसन्धान प्रसार एवम् विकास केन्द्र (सिप्रेड) ले विभिन्न कृषक समूह गठन गरी तरकारी तथा तरकारी बिउ उत्पादन कार्यक्रम सञ्चालनमा ल्याएको थियो ।

सिप्रेडले सञ्चालन गरेको कृषि कार्यक्रमको प्रेरणा तथा कार्यक्रमले ल्याएको परिवर्तनलाई स्थानीयस्तरमा संस्थागत गर्ने हेतुले संस्थाकै प्राविधिक सहयोगमा २०५८ साल १५ मंसिरमा डिभिजन सहकारी कार्यालय बाँकेमा विधिवत् दर्ता भएर पवित्र जनकल्याण कृषक सहकारी संस्था स्थापना भएको थियो ।

संस्थाको मुख्य उद्देश्य भनेकै बिउ उत्पादन र कृषि पेसालाई व्यवसायीकरण गर्दै कृषकहरूको आर्थिक स्थिति सबल तुल्याउने हो । आजभन्दा करिब १० वर्षअघि स्थानीयस्तरमै बिउ उत्पादन गर्ने गरेको सहकारीले हाल आएर 'पवित्र बिउ' नामक उद्योग नै स्थापना गरी देशका करिब ३९ जिल्लामा विभिन्न १० प्रजातिका हिउँदे, १२ प्रजातिका वर्षे तरकारी र ६ प्रजातिका खाद्यान्न बालीको बिउ उत्पादन गरी निर्यात गरिरहेको छ ।

हालसम्म संस्थाले उत्पादन गरेका बिउ ४४ जिल्लामा पुग्ने गरेको संस्थाका अध्यक्ष नौलसिंह खत्रीले बताए । अध्यक्ष खत्रीका अनुसार संस्थाले विशेषगरी धान, गहुँ, मकै लगायतका खाद्यवालीको मुल बिउ उत्पादनमा जोड दिने गरेको छ । स्थानीयस्तरबाट सुरु भएको संस्थाको बिउ उत्पादनको यात्रा अहिले देशव्यापी बनेको छ ।

संस्थाले गत आर्थिक वर्षमा वार्षिक करिब ३ करोडभन्दा बढी आम्दानीसमेत गरेको छ । सहकारीबाट उत्पादित बिउ सबैभन्दा बढी झापा जिल्लामा निर्यात भइरहेको छ । 'किसानदेखि किसानसम्म' भन्ने नीति लिएको संस्थाले विभिन्न ४२ वटा कृषक समूह बनाएर बिउ उत्पादन र बजारीकरण गर्दै आएको छ ।

संस्थाले कृषकलाई घाँस काट्ने मेसिन, हाते ट्याक्टर, स्प्रे मेसिन तथा प्लास्टिक टनेल, जैविक विषादी आदिमा सहयोग प्रदान गरेको छ । संस्थाले कृषक समूहमार्फत ९ सय महिला कृषकलाई एक सिजनमा ४५ हजारदेखि ७० हजारसम्म आम्दानी दिन सफल भएको छ । १ सय तीन जना कृषकहरू वार्षिक ७५ हजारदेखि १ लाख ४० हजारसम्मको बिउ उत्पादनबाट आम्दानी गरी स्वरोजगारमा जोडिएका छन् ।

संस्थाले चालु आर्थिक वर्ष २०८०/०८१ को हालसम्म संस्थाले तीन करोड ५४ लाख ७४ हजार ६ सय ८० रुपैयाँ बराबरको तरकारी तथा खाद्यबालीको

बाँकी ३ पेजमा

## भेरी नदीमा पौडी खेल्ने क्रममा एक जना बेपत्ता

**युग संवाददाता**
**सुर्खेत, १५ वैशाख ।**

भेरी नदीमा पौडी खेल्ने क्रममा एक जना बेपत्ता भएका छन् । बेपत्ता हुनेमा वीरेन्द्रनगर नगरपालिका-३, गण्डकी लाइन बस्ने १८ वर्षीय निर्माण चौलागाईं रहेका छन् ।

उनी बराहताल गाउँपालिका-२, को रानीघाटस्थित भेरी नदीमा पौडी खेल्ने क्रममा डुबेर बेपत्ता भएको जिल्ला प्रहरी कार्यालय सुर्खेतका सूचना अधिकारी, प्रहरी नायव उपरीक्षक वीरेन्द्र वीर विश्वकर्माले रातोपाटीलाई जानकारी दिए ।

उनी आज शनिबारका दिन भनेर उनी ६ जना साथीहरुसहित वीरेन्द्रनगरबाट त्यहाँ पुगेका थिए । उनको खोजी कार्य भइरहेको विश्वकर्माले बताए ।

## धमाधम कालोपत्रे हुँदै नाग्म-गमगढी सडक

**युग संवाददाता**
**सकालीकोट, १५ वैशाख ।**

नाग्म-गमगढी सडकअन्तर्गत जुम्लाको कनकासुन्दरी गाउँपालिका -७ रोकायाबाडा देखि बोता हुँदै मुगु पुग्ने सडकको कालोपत्रे थालिएको छ । ३५ करोडको लागतमा रोकायाबाडा देखि बोता हुँदै मुगु पुग्ने साढे ६ किलोमिटर सडकको कालोपत्रे सुरु भएको हो ।

चालु आवमा साढे ६ किलोमिटर बाटो पिच गर्ने लक्ष्य रहेको सडक डिभिजन कार्यालय जुम्लाका प्रमुख दिपेन्द विष्टले

बाँकी ३ पेजमा

डिपेन्डेन भिसा

सजिलोसँग स्टुडेन्टसँग डिपेन्डेन भिसामा अष्ट्रेलिया, क्यानडा, युरोप, युके जानको लागि आवश्यक परेमा हामीलाई तुरुन्त सम्पर्क गर्नुहोला ।

सम्पर्क नं.: ९७६९७७२९४४, ९७६९७७२९२३






युगआह्वान
राष्ट्रिय दैनिक

## सम्पादकीय....

# काकाकुलको शहर वीरेन्द्रनगर कहिलेसम्म ?

कर्णाली प्रदेशको राजधानी सुर्खेत र सुर्खेतको पनि केन्द्र हो वीरेन्द्रनगर। जहाँ कर्णालीका अन्य जिल्लासहित देशका विभिन्न ठाउँका मान्छेहरु बसोबास गर्ने गर्छन। संघीयता भएदेखी वीरेन्द्रनगरमा बसाईसरी आउनेको संख्या पनि ह्वात्तै बढेको छ। मानविय आधारभूत आवश्यकताको सहज पहुँचका लागी मानिसहरु वीरेन्द्रनगरमा बसाईसरी आउन चाहन्छन। शिक्षा, स्वास्थ्य लगायतका आधारभूल आवश्यकताको सहज पहुँचका लागी वीरेन्द्रनगरमा बसोवास गर्ने लगायतका मानिसको लागी हरेक बर्ष यो समयमा सबैलाई एउटै पिरलो हुन्छ पानीको। आधारभूत आवश्यकता मध्येको पनि पहिलो नम्बरको आवश्यकताको पानी। पानी बिना मानिसको जीवनको अस्तित्व सम्भव छैन। तर त्यही पानी वीरेन्द्रनगरमा संधै झैं लगभग बर्षमा ४ महिनाजसो हाहाकार नै हुन्छ।

पानीका श्रोत संरक्षणमा सम्बन्धित निकायको ध्यान कहिले जाला ? पानीको नाममा राजनीति गर्नेहरुलाई पाप लाग्ला की नलाग्ला ? पहिला-पहिला पानी खान नदिए पाप लाग्छ भन्थे बुढापाकाले बाटोमा हिड्ने बटुवालाई समेत पानी खान बोलाएर घरमा भएको पानी, मोही, खाना लगाएतका कुरा खानदिएर मानवियता देखाउँथे। त्यही बुढापाकाबाट पाएको संस्कारले पानीमा समेत राजनीती गरेर आम नागरिकलाई काकाकुलकै हालतमा पुऱ्याएका छन्। बजारमा किन्दा एक लिटर पानीको मुल्य रु. २५/३० पर्नेगर्छ एउटा सामान्य मानिसलाई दिनमा ४ लिटर पानी आवश्यक हुन्छ पिउनको लागि मात्र भनेपछी एउटा मानिसले बजारबाट किनेर खानुपर्दा दिनमा १००/१२० सम्म खर्च हुन्छ परिवारमा ५ जना सदस्य भएमा ५०० देखी ६०० सम्म खानेपानीमा मात्र दैनिक खर्च गर्नुपर्ने अवस्था छ। यसरी हेर्दा यो त खानेपानीको लागि मात्र हुने खर्च भो त्यसैगरी दैनिक कपडा धुन, नुहाउन, खाना पकाउन, शौचालय प्रयोग गर्न लगायतका यावत शिर्षकमा पानीका लागी मात्र हुने खर्च नै कति आउला ? यसरी यो काकाकुलको अवस्था सिर्जना गर्नमा ठूलो भूमिका पानीका नाममा जागिर खाने र राजनीति गर्नेको छ। जसले न केही आम नागरिकको बारेमा सोच्छन न त तिनलाई चिन्ता छ। सार्वजनिक स्थल बसपार्क, चोक, चौतारा, मठमन्दिर आसपास २४ शैं घण्टा खानेपानीको निःशुल्क सुविधा दिने गरी स्थानीय सरकारले योजना बनाउनुपर्छ। सरकारी बजेट अभाव भएमा मनकारी सहयोगी व्यक्ति तथा संघ संस्था, व्यवसायीक फर्महरुलाई सामाजिक उत्तरदायित्व, मानविय धर्म स्वरुप निःशुल्क खानेपानी वितरणका लागि आव्हान गर्न सक्नुपर्छ।

छ त केवल अलिअलि भएको पानी पनि आफ्ना कार्यकर्ता, आफन्त, आसेपासेलाई नेतृत्वको ठाडो निर्देशनमा अरुको लागी ७२ घण्टा सेड्युयल बनाएर आफ्नाका लागी पुगेपछी हप्ता १० दिनमा १०/१५ मिनेट छोडेझैं गरेर झारा टार्ने। त्यसैगरी आम नागरिकको पनि केही भूमका भने नभएको होईन। आफ्ना भएका जमिनका टुक्राहरुमा कंक्रिट प्रयोग गरेर ढलान गरेर पानी जमिनमुनी जाने बाटो बन्द गरेका छन्। बर्षैसाल फागुनदेखी नै वनमा लागेको डढेलो असारसम्मै एउटै जंगलमा पटक पटक लगाएका छन्। अलिअलि टाठाबाठाले अनुदानका नाममा बोरीङको लागी सरकारी पैसा लगाएर सिमित व्यक्तिका लागिमात्र प्रयोग गर्नेगरी जमिनको भित्री सतहदेखीको पानी निकालेर प्रयोग गरेका छन्। जसका कारण मानिसले खनेका ईनार पनि बर्षौंदेखी पानी आईरहेका हाल सुकेका छन्। यसरी हेर्दा सम्पूर्ण रुपमा मानविय महत्वकांक्षाका कारण पानीका श्रोतहरु बर्षेनी घट्दै गएका छन् र वीरेन्द्रनगर काकाकुलको सहर बन्दै गएको छ।

समाधानको उपाए भनेको प्राकृतिक श्रोतहरु बढाउनु नै हो। विकल्पमा त अरुपनी होलान तर प्राकृतिक श्रोतको खोजी गर्नु र त्यस अनुकुल कार्य गर्नु बाहेक अरु उपाए भनेका कृत्रिम उपाए हुन त्यो कहिलेकाही सहज नभईदिनपनि सक्छ तर प्राकृतिक श्रोत जोगाउन र बढाउन लाग्नु दिर्घकालिन संरक्षणको उपाए हो। जसमा वन संरक्षण, आफ्ना घरहरु बनाउँदा गरिने बृक्षारोपण ढलानको सट्टामा पानी जमिनले सोस्नेगरी पानी रिचार्ज सिस्टमले आफ्ना भौतिक संरचना निर्माण गर्नु नै प्राकृतिक श्रोत संरक्षणका दिर्घकालीन उपाए हुन नत्र अवको १० वर्षपछीको अवस्था झन भयावह हुने निश्चित छ। त्यसैले हरेक नागरिक आ-आफ्नो ठाउँबाट पानीका मुहान, वनजंगल संरक्षणमा लाग्नुपर्छ।

## विदेश

# चन्द्रमाको अनुसन्धानका लागि चाङ’ई-६ प्रक्षेपण गर्ने चीनको तयारी

**हेनान, १५ वैशाख**

चीनको राष्ट्रिय अन्तरिक्ष प्रशासन (सिएनएसए) ले चन्द्रमाको अनुसन्धान गर्न मेको प्रारम्भमा उचित समयमा चाङ’ई-६ लाई प्रक्षेपण गर्नका लागि निर्धारण गरिएको जनाएको छ।

चाङ’ई-६ चन्द्रमा अनुसन्धान र लङ मार्च-५ वाई८ वाहक रकेट संयोजनलाई शनिबार दक्षिण चीनको हेनान प्रान्तमा वेन्चाङ अन्तरिक्ष प्रक्षेपण केन्द्रबाट प्रक्षेपण क्षेत्रमा स्थानान्तरण गरिएको सिएनएसएले बताएको छ।

हटाउन योग्य प्रक्षेपण प्याडमा संयोजनलाई ठाडो परीक्षण भवनबाट बाहिर लगिएको थियो र पुनः सुरक्षितरूपमा प्रक्षेपण क्षेत्रमा सारिएको थियो। प्रक्षेपणअघि कार्यात्मक जाँच, संयुक्त परीक्षण कार्य र प्रक्षेपण योग्य बनाइने छ।

चाङ’ई-६ चन्द्रमा अनुसन्धान र लङ मार्च-वाई८ वाहक रकेट क्रमशः जनवरी र मार्चमा प्रक्षेपण स्थलमा पुगेपछि क्रमिकरूपमा एसेम्बली, परीक्षण र अन्य तयारी पूरा भएको थियो।

चन्द्रमाको टाढाबाट नमूना सङ्कलन गर्नका लागि अनुसन्धानको तयारी गरिएको छ। यो मानव इतिहासमा आफ्नै प्रकारको पहिलो मिसन हुनेछ।

# चीनलाई अमेरिकाको चेतावनी

**वासिङ्टन, १५ वैशाख**

युक्रेनमाथिको आक्रमणमा रुसलाई सहयोग गरेको आरोप लगाउँदै अमेरिकाले चीनलाई कारबाही गर्न चेतावनी दिएको छ। यदि चीनले युक्रेनमाथि आक्रमण गर्न प्रयोग भइरहेको सामग्री रुसलाई उपलब्ध गराउन नरोकेमा वासिङ्टनले कडा कारबाही गने ‘ अमेरिकी विदेशमन्त्री एन्टोनी ब्लिङ्केनले बताएका हुन्।

शीतयुद्धपछि युरोपको सुरक्षा सबैभन्दा ठुलो खतरामा परेको र चीनले त्यसको विरुद्धमा काम गरिरहेको ब्लिङ्केनले स्पष्ट रूपमा चिनियाँ विदेशमन्त्रीलाई बताए। तर, ब्लिङ्केनले अमेरिकाले कस्तो कारबाही गर्न सक्छ भन्नेबारे केही भनेनन्।

ब्लिङ्केनले अमेरिका केही विषयमा अगाडि बढेको सङ्केत गरेका छन्। ब्लिङ्केन २४ देखि २६ अप्रिलसम्म तीन दिने चीन भ्रमणमा आएका थिए।

शुक्रबार चिनियाँ विदेशमन्त्री वाङ यीले अमेरिकी विदेशमन्त्री एन्टोनी ब्लिङ्केनलाई अमेरिकाले चीनको मामिलामा सीमा नाघ्न नहुने चेतावनी दिएका थिए।

# ‘अब त्रिविले समयमै परीक्षा सञ्चालन र नतिजा प्रकाशन गर्नेछ’ : शिक्षाध्यक्ष प्राडा केसी




**राष्ट्रिय समाचार समिति**

नेपाल सरकारले हालै त्रिभुवन विश्वविद्यालयका शिक्षाध्यक्षमा प्रोफेसर डा खड्ग केसीलाई नियुक्त गरेको छ। २०५३ सालदेखि त्रिविमा प्राध्यापन कार्यमा सक्रिय हुँदै आउनुभएका केसीले सोही विश्वविद्यालयबाट राजनीतिक शास्त्रमा स्नातकोत्तर गर्नुभएको हो। उहाँले जापानको नागासाकी विश्वविद्यालयबाट समेत अन्तर्राष्ट्रिय सम्बन्धमा विद्यावारिधि गर्नुभएको छ। परराष्ट्र मामिला अध्ययन प्रतिष्ठानको बोर्ड पूर्वसदस्य हुँदै त्रिवि अन्तर्राष्ट्रिय सम्बन्ध तथा कूटनीतिक विभागका संस्थापक प्रमुखसमेतको जिम्मेवारी निर्वाह गरिसक्नुभएको छ। प्रस्तुत छ, त्रिविको शिक्षा प्रणालीलाई व्यवस्थित बनाउन भावी योजना के के छन् भन्नेबारेमा राष्ट्रिय समाचार समिति (रासस)का समाचारदाता मधु शाहीसँग गरिएको कुराकानीको सम्पादित अंशः

**त्रिभुवन विश्वविद्यालयमा विगतभन्दा नियुक्ति प्रक्रिया अलि फरक भएको पाइयो। शिक्षा क्षेत्रमा राजनीति हाबी भएको सन्दर्भमा तपाईंको जिम्मेवारी अझै चुनौतीपूर्ण छ जस्तो लाग्दैन ?**

समाजजस्तो छ, त्यसको प्रतिबिम्ब सबै संस्थाहरूमा पर्नु स्वाभाविक हो। तथापि, सरकारले दिएको जिम्मेवारी पालना गर्दा सबै परिस्थिति भुलेर संस्थाको हितमा काम गर्नुपर्छ भन्ने मलाई लाग्छ। संस्थामा सकुशल ढङ्गले कार्य गर्न परिस्थिति सहज छैन। विश्वविद्यालयमा दलीय छाप हटाउने भनिएपछि अहिले पनि धम्की, चेतनावनी आइरहेका छन्। यद्यपि मेरो लक्ष्य सधैं शिक्षामा प्रोफेसनलिजम ल्याउने प्रयत्न भइरहने छ।

**तपाईंले शिक्षाध्यक्ष पद भार सम्हालेपछि गर्नुपर्ने ठोस कार्ययोजना के के छन् ?**

मैले शिक्षाध्यक्ष भएपछि शिक्षामा पूरै रुपान्तरण ल्याउँछु भन्ने काल्पनिक योजना केही छैनन्। यद्यपि मलाई दिइएको भूमिका र कार्यविवरणअनुसार गर्नुपर्ने सबै कार्य नियमितरूपमा गर्ने त छँदैछ। केही महत्वपूर्ण पक्षमा समयसापेक्ष सुधार गर्न आवश्यक ठानेको छु। उदाहरणका लागि, विश्वविद्यालयको प्राज्ञिक क्षेत्रमा गुणस्तरियता कायम गर्न पाठ्यक्रममा सामयिक सुधार गर्ने र नियमित ढङ्गबाट परीक्षा सञ्चालन तथा नतिजा प्रकाशन गर्नका लागि वार्षिक शैक्षिक क्यालेन्डरलाई अनुसरण गर्नेजस्ता कार्य प्रभावकारी रूपमा गर्न ठोस खाका बनाएको छु।

**तपाईंले भनेजस्तो पाठ्यक्रममा सुधार ल्याउन तथा प्राज्ञिक गुणस्तर अभिवृद्धिका लागि शैक्षिक वातावरण बनाउन के-कस्ता आधारहरू तय गर्नुपर्दछ होला ?**

विश्वविद्यालयमा मानविकी, व्यवस्थापन तथा विज्ञानलगायत हाल नौवटा सङ्काय रहेका छन्। यी सबै सङ्कायको पाठ्यक्रम आगामी पहिलो वर्षमा नै समयानुकूल परिमार्जन गर्ने योजना छ। त्यसका लागि सम्बन्धित विषयका स्टेक होल्डरहरू, राज्यका निकायहरू खास गरेर तालुकात मन्त्रालयहरूसँग आवश्यक छलफल गरेर पाठ्यक्रम तयार पार्न जरुरी छ। जस्तै, अन्तर्राष्ट्रिय सम्बन्धको विषयमा पाठ्यक्रम बनाउँदा परराष्ट्र मन्त्रालयसँग समन्वय गरिनेछ। यसले व्यावहारिक शिक्षा प्रणाली विकासमा सहयोग पुऱ्याउने छ। समयसापेक्ष उपभोक्ताको मागबमोजिम नयाँ-नयाँ विषयहरूलाई समावेश गरी पाठ्यक्रम बनाउनु अहिलेको आवश्यकता हो।

**तपाईंले उल्लेख गर्नुभएका विषयहरू महत्वपूर्ण छन्। त्यस्ता योजनाहरू प्रभावकारी तवरले कार्यान्वयन गर्नका लागि कहिलेदेखि प्रक्रिया अगाडि बढाउनुहुन्छ ?**

मेरो स्वभाव कुनै पनि योजना योजनामै सीमित राख्ने होइन्। शिक्षाध्यक्षको पदीय दायित्व पाएको भोलिपल्टबाट नै काम सुरु गरिसकेको छु। नियुक्ति भएको तीन दिनमै त्रिविका विभिन्न विषयमा आबद्ध सबै डिनलाई बोलाएर छलफल गरेको छु। सूचना तथा स्रोत सङ्कलन कार्य भइसकेको छ। अर्को शिक्षकको क्षमता अभिवृद्धिका लागि विभिन्न कार्यक्रम सञ्चालन गरिनेछ।

**शिक्षक शब्द र व्यक्तित्व आफैंमा दक्ष होइन र ? शिक्षकको क्षमता अभिवृद्धि किन जरुरी छजस्तो लाग्छ ?**

शिक्षक समयसापेक्ष हुन आवश्यक छ। पुरानै शैलीमा पढाउँदै आएका हाम्रा शिक्षकले अबको प्रविधिको युगमा पर्याप्त बौद्धिकता नपुग्न सक्छ। शिक्षक हरेक समय बदलिँदो परीस्थितिअनुसार अपडेट भइरहनुपर्छ। त्यसैले त्रिविमा दुई किसिमका शिक्षकको तालिम आवश्यक छ। एउटा समय अनुकूल पढाउन शिक्षकको क्षमता अभिवृद्धिको तालिम दिने, अर्को मध्यम तहका व्यक्तिहरूलाई समेट्ने खालको शैक्षिक तालिम दिनका लागि पर्याप्त स्रोतको खाँचो पर्दछ। स्रोतको जोहो गर्न विश्व बैङ्कसँग छलफल र समन्वय गरिरहेका छौं। वास्तवमा शिक्षामा गरिएको लगानीलाई परिणाममुखी बनाउनु पर्दछ भन्ने नै हो।

**शिक्षा क्षेत्रमा विश्व बैङ्कजस्ता दातृ निकायले गरेको लगानीले मात्र पुग्छ त ? राज्यले त्रिविलाई गरेको लगानी पर्याप्त छ त ?**

त्रिविका विभिन्न महत्वपूर्ण अङ्गहरूमध्ये, अनुसन्धान केन्द्र एउटा प्रमुख अङ्ग हो। अनुसन्धानमा राज्यले हाल रु १२ करोड बजेट छुट्याएको छ। तीन वर्षअगाडि प्रधानमन्त्री केपी शर्मा ओलीको पालामा पहिलोपटक रिसर्चका लागि रु १० करोड बजेट आएको थियो। अहिले रु १२ करोडसम्म पुगेको छ तर यति नै पर्याप्त भने होइन। शिक्षा क्षेत्रमा अनुसन्धानमा गरिने लगानीले ज्ञान उत्पादनमा टेवा पुग्दछ। यसबाट फाइदा हुने पनि राज्यलाई नै हो।

**तपाईंको विचारमा शिक्षा क्षेत्रमा अनुसन्धानका लागि कति बजेट आवश्यक छ ?**

-अहिले त्रिविमा विद्यावारिधि गरिरेहका विद्यार्थीहरूले आफ्नै खर्चमा अनुसन्धान कार्य गरिरेको अवस्था छ। अन्य देशमा भने यस तहको विद्यार्थीलाई अध्ययन अनुसन्धानमा सहज होस् भन्ने उद्देश्यले छुट्टै कोषको व्यवस्था गरिएको हुन्छ। त्यसैले त्रिविले पनि यस्तो खालको अभ्यास गर्न जरुरी छ। अनुसन्धान प्रणालीलाई सहज र परिणाममुखी बनाउन पिएचडीमा अध्ययनरत विद्यार्थीका लागि फेलोशिप रकम उपलब्ध गराउनु पर्दछ। यसका लागि अर्थ मन्त्रालयसँग तीन वर्षदेखि रु ५० करोड बजेट माग गर्दै आएका छौं। अब हाम्रो जस्तो विकासोन्मुख देशमा राज्य आफैंले गर्नका लागि केही सीमितताहरू होलान् तर विगतको तुलनामा केही बजेट बढ्छ कि भन्ने विश्वास छ। खासगरी, विज्ञान सङ्कायमा प्रयोगशालाकै लागि मात्र रु ५० करोड व्यवस्थापन गर्नुपर्नेछ।

**अहिले तपाई विमानस्थलमा जानु भयो भने अध्ययनका लागि विदेश जानेहरूको लामो लाइन देख्नु हुन्छ। विद्यार्थीहरू यसरी विदेश पलायन भए कसरी देशको विकास हुन्छ ? देशमा युवा विद्यार्थीहरूलाई बाहिर जानबाट रोक्न र गएकालाई फर्काउन त्रिविको भूमिका छैन र ?**

-विद्यार्थीहरू विदेसिनुमा त्रिवि मात्र कारक होइन। देशमै उपयुक्त वातावरण बनाउने दायित्व राज्यको हो। त्रिविले त गुणस्तर शिक्षामा योगदान दिने हो। विदेशमा शिक्षा आर्जन गरी विदेशमा नै विभिन्न पदमा रही योगदान गरिरेहका दक्ष जनशक्तिलाई देशमा फर्काउन ‘ल्याट्रल इन्ट्री’ अर्थात् ‘फास्ट ट्र्याक’मा नियुक्ति गर्ने नीति अवलम्बन गरेका छौं। फास्ट ट्र्याकमा नियुक्ति गर्नु भनेको अमेरिका, अस्ट्रेलिया, जापान विदेशी राम्रा विश्वविद्यालयबाट पढेका विज्ञहरूलाई आकर्षण गरी स्वदेश फर्काउने योजना हो। विज्ञान र समाजशास्त्रका केही विद्यार्थी फर्किएका पनि छन्। खासमा ५० देखि ६० प्रतिशत कोटा फास्ट ट्र्याकबाट ल्याउने योजना छ। यदि यस्तो हुन सक्यो भने हाम्रो विश्वविद्यालयको भविष्य उज्ज्वल हुनेछ भन्ने लाग्दछ। देश र जनतालाई मध्यनजर गर्दै यस्ता नीतिहरू कार्यान्वयन गर्नुपर्दछ। यसले दलहरूको भागबन्डा गर्ने कार्यलाई निरुत्साहित गर्नेछ। विकसित देशबाट पढेर आएका लगभग ९९ प्रतिशत दक्ष जनशक्तिलाई देशभित्र सेवा गर्ने अवसर मिल्नेछ भन्ने मलाई लाग्दछ।

**तपाईंले भनेजस्तो विभिन्न देशमा गएर अध्ययन गरेका विद्यार्थीलाई भित्र्याउनका लागि विश्वविद्यालयले समकक्षता प्रदान गर्नुपर्दछ। समकक्षता निर्धारण प्रक्रियामा रहेको जटिलतालाई सहज बनाउन के सोच्नु भएको छ ?**

तपाईंले भने जस्तै समकक्षताको (इक्युभ्यालेन्स) को कुरामा अलिकता विवाद आइरहेको छ। यसलाई व्यवस्थापन गर्नुपर्छ। यस विषयमा शिक्षामन्त्रीसँग पनि छलफल गर्दैछु। तथापि विश्वविद्यालयले समकक्षता निर्धारण गर्नु हुँदैन भन्ने मेरो व्यक्तिगत धारणा हो। यो राज्यको जिम्मा हो। संसारको धेरै राम्रो विश्वविद्यालयबाट पढेर आएका विज्ञहरू पनि समकक्षता पाउने र नपाउने पीडामै अल्झिनुपर्ने बाध्यता छ। यो व्यावहारिक हिसाबले राम्रो होइन।

**समयमै परीक्षा सञ्चालन र नतिजा प्रकाशन गर्न नसक्नु त्रिविको पुरानो रोग बनेको छ। यस विषयलाई कसरी सम्बोधन गर्नुहुन्छ ?**

हो, तपाईंले उठाएको कुरा यथार्थ हो। त्रिविका विद्यार्थीले परीक्षा क्यालेन्डरको थिति नहुँदा धेरै दुःख पाएका छन्। म शिक्षाध्यक्ष भइसकेपछि सुधार्नुपर्ने पहिलो कार्य पनि यही नै हो। अब विद्यार्थीले समयमा परीक्षा दिन नपाएर निराश हुनुपर्ने स्थिति आउने छैन। यो मेरो प्रमुख दायित्वभित्र पर्छ।

**अन्त्यमा केही भन्न चाहनु हुन्छ कि ?**

अहिलेको जल्दोबल्दो समस्या शिक्षित युवा पलायन हुनु हो। उनीहरूलाई कसरी मुलुकमै टिकाउन सकिएला भनेर राज्यले गम्भीर तरिकाले सोच्ने अवस्था आएको छ। अमेरिकामा बस्यो भने राम्रै कमाइएला तर त्रिविको भिसी त भइँदैन नि। आत्मसन्तुष्टिको कुरा महत्वपूर्ण छ। देशमै पहिचान बनाउँछु भन्नेले आएर सामान्य जीवनयापन गर्न सक्ने वातावरण राज्यले नै निर्धारण गर्नुपर्छ। यसका लागि शिक्षामा लगानी जरुरी छ। विश्व बैङ्कको सहकार्यमा होइन कि वर्षमा राज्यले नै दुई/चार करोड छुट्याओस्। त्यो बजेट ‘ट्यालेन्ट फन्ड’ बनाएर विकसित मुलुकमा विज्ञ भएका विद्यार्थी स्वदेश फर्काउन योजना ल्याउन सकियोस् भन्ने हो। यति काम गर्न सकियो भने धेरै हदसम्म सफल भइन्छजस्तो लाग्छ।

## महत्वपूर्ण टेलिफोन नम्बर

| | |
|---|---|
| **एम्बुलेन्स** | |
| एम्बुलेन्स (नेपाल रेडक्रस) | : ०८३-५२०३१० |
| एम्बुलेन्स (वीरेन्द्रनगर सहकारी) | : ९८४८०२०८६७ |
| एम्बुलेन्स (भू.पू. सैनिक कल्याणकारी समिति) | : ९८२२४११५८६ |
| शव वाहन | : ०८३-५२४२३६/९८५८०४३६०० |
| जिल्ला प्रहरी कार्यालय | : १००, ०८३-५२०२२२ |
| जिल्ला ट्राफिक कार्यालय | : ०८३-५२५४९६ |
| विद्यूत फ्यूज सेवा | :०८३-५२०२६७/५२०२६५ |
| महिला तथा बाल हेल्पलाइन | : १०९८ |
| **विमान स्थल** | |
| सुर्खेत | : ०८३-५२१९४५/५२५२१९ |
| जुम्ला | : ०८७-५२०१९० |
| मुगु ताल्चा : | |
| हुम्ला | : ०८७-६८००८० |
| डोल्पा | : ०८७-५५१०१९ |
| चौरजहारी (पश्चिम रुकुम) | : ०८८-४०१०४८ |
| नेपालगन्ज | : ०८१-५६५२०५ |
| **दमकल** | |
| वीरेन्द्रनगर न.पा. : | : १०१ |
| भेरीगंगा न.पा. | : ०८३-५४०११०, ९८५८०५१०५७ |
| नारायण न.पा. | : ०८९-४१०२०१ |
| **अस्पताल** | |
| दैलेख जिल्ला अस्पताल | : ०८९-४१०११७ |
| प्रदेश अस्पताल सुर्खेत | : ०८३-५२३२०० |
| सुर्खेत हस्पिटल प्रा.लि. | : ०८३-५२५४१७ |
| माया नर्सिङ्ग होम प्रा.लि. | : ०८३-५२१४३०, ५२५४३० |
| एम्बुलेन्स (माया नर्सिङ्ग होम) | : ०८३-५२१४३० |
| एम्बुलेन्स (देउती नर्सिङ्ग होम) | : ०८३-५२०५२८ |
| एम्बुलेन्स (स्वास्थ्यकर्मी संघ) | : ९८४४८३५६६६ |
| एम्बुलेन्स (नेपाल अर्बुद रोग निवारण संस्था) | : ९८६८११६०५२ |
| जाजरकोट अपस्ताल | : ०८९-४३०१२० |
| जिल्ला अस्पताल डोल्पा | : ०८७-५५०१११ |
| जिल्ला अस्पताल मुगु | : ०८७-४६०१६२ |

## आजको राशिफल

**मेष** – आज अनावश्यक यात्रा हुनसक्छ। पारिवारिक झमेला रहला। राजनैतिक कार्यमा व्यवधान आउनेछ, तर बन्धु बान्धवबाट भने सहयोग मिल्नेछ।

**वृष** – महिला वा मित्रबाट विशेष सहयोग मिल्नेछ। शैक्षिक क्षेत्रमा सफलता मिल्नेछ। पठनपाठनमा प्रगति हुनेछ। रमणीय र सुखद् यात्राको योग छ।

**मिथुन** – विद्या र बुद्धिको विकास हुनेछ। नयाँनयाँ ज्ञान सिक्ने मौका मिल्नेछ। कार्यसिद्धि हुने अवसर मिल्नेछ। राजनैतिक कार्यमा सफलता मिल्नेछ।

**कर्कट** – नसोचेको ठाउँबाट धन हात पर्नेछ। धार्मिक तथा समाजसेवामा मन लाग्नेछ। अग्रजहरूको अनुभव अनुसार अवसर पहिल्याउन सकिनेछ।

**सिंह** – प्रेममा मनमुटावका साथै मन कमजोर रहनेछ। मालसामान हराउन सक्छ। हेलचेक्र्याइँले काममा उल्टो परिणाम दिन सक्छ, सचेत रहनुहोला।

**कन्या** – घरमा अतिथिको आगमन हुनेछ। नजिकको व्यक्तिको सहयोगबाट कार्य पुरा हुनेछ। लाभदायक यात्रा रहनेछ। नयाँ कार्यको थालनी होला।

**तुला** – छोटो दुरीको लाभदायक यात्रा रहला। प्रेमसम्बन्ध र प्रणयप्रसङ्गका लागि श्रेष्ठ समय रहेको छ। धनार्जन हुनेछ। वैदेशिक कार्य अघि बढ्नेछ।

**वृश्चिक** – आज आफ्नै दक्षतामा विभिन्न कार्यहरू सम्पन्न हुनेछन्। नयाँ नयाँ क्षेत्रमा लगानीको अवसर मिल्नेछ। व्यापार व्यवसायबाट लाभ मिल्नेछ।

**धनु** – आज कलहको योग भएकाले कसैसँग बोल्दा वा ठट्टा गर्दा बढी सतर्कता अपनाउनुहोला। आर्थिक क्षेत्रमा पनि सङ्कट पनि आउन सक्छ।

**मकर** – मित्र वा आफन्तको सहयोग मिल्नेछ। मिष्ठान्न भोजन प्राप्ति होला। साथी भाइको भेटघाटले मन प्रफुल्ल रहला। बौद्धिकताको विकास हुनेछ।

**कुम्भ** – आज आफन्तको प्रगतिमा मन रमाउनेछ। विशिष्ट व्यक्तिबाट पुरस्कार तथा हौसला प्राप्त हुनेछ। आर्थिक क्षेत्रमा सोचेजस्तै लाभ लिन सक्छ।

**मीन** – कुनै कुराले मनमा शान्ति छाउनेछ। आफन्तसँग रमाइलो भेटघाट हुनेछ। मनोरञ्जनमा सहभागिता भइएला। प्रेममा मधुरता पनि छाउनेछ।

# विदेशबाट फर्किएर तरकारी मै कमाउँछन् बार्षिक १५ लाख गोविन्द



कल्पना ढेङ्गा मगर
kalpudmagar@gmail.com







वैदेशिक रोजगारीका क्रममा मलेसियामा ४ बर्ष बिताएपछि गाउँ फर्किएका सुर्खेत गुर्भाकोट नगरपालिका-१३ गुमीका गोविन्द वलीलाई फेरी विदेश जान मन लागेन। आफ्नै गाउँघरमा केहि गरेर भएपनि बसौँ भन्ने भयो। घरको आर्थिक अवस्था, प्रसस्त जग्गा, जमिन नभएकाले उनी वैदेशिक रोजगारीमा जान बाध्य भएका थिए।

वैदेशिक रोजगारीका क्रममा मलेसियामा पुगेका वली। त्यहाँ उनको कमाई राम्रै भयो। कम जग्गा, जमिन भएपनि समयमै थप जग्गा, जमिन जोड्न सफल भएका थिए। उनको परिवार ठुलो छ। गोविन्द वली मात्र होईन् उनका दाजु पनि वैदेशिक रोजगारीका क्रममा मलेसियामा पाँच बर्ष बिताएका थिए। वलीका बुवाआमाले पहिले देखि नै घरमा भैँसि पाल्ने गर्थे।

गोविन्द विदेशबाट फर्किएर भैसीँ थपेर भैँसी पालन गर्ने सोच बनाए। उनका बुवाआमाले पहिलेनै दुईओटा भैँसी पालिरहेका थिए। उनी आएपछि एक भैँसी थप गरे र भैँसीपालनलाई निरन्तरता दिन थाले। भैँसीले राम्रै दुध त दियो तर समयमा पैसा भने आएन्। गाउँघरमै व्यक्तिले खरिद गर्ने भएपछि समयमा पैसा नै नआएको उनले बताए।

त्यसपछि उनले तरकारी खेती गर्ने सोच बनाए। तरकारी खेतीबाट भने उनले सोचेको भन्दा बढीनै उनलाई सन्तुष्ट मिल्यो। तरकारी खेती उनको राम्रो आम्दानीको स्रोत बन्न पुग्यो। उनको संयुक्त परिवार भएकाले तरकारी खेती गर्न पनि सहज भयो। उनले भने, 'हाम्रो परिवार ठुलो छ। सात जना त तरकारी मै काम गर्छौं। चार जना निरन्तर लाग्नुपर्छ। म यताउता काममा खटिएको हुन्छु। कति ठाउँमा तरकारी पुऱ्याउनुपर्ने हुन्छ। त्यस्मै व्यस्त हुन्छु। बुवाले भैँसी हेर्ने गर्नुहुन्छ। परिवार ठुलो भएका कारण पनि कामदार राख्नु पर्ने भएको छैन्। परिवारले नै गरिरहेका छौँ।'

तरकारी खेती राम्रो भएपछि तरकारीका लागि गोविन्दलाई मलको पनि आवश्यक पर्न थाल्यो। फेरी भैँसी बढाए। उनले भैँसी बढाएर विभिन्न अहिले उनको बारीमा मौसमी र बेमौसमी तरकारी फलिरहेका छन्। मलको अभाव अझै पनि छ गोविन्दलाई। घरमा पालेको गाईभैँसीको मल अपुग हुँदा उनले ब्रोईलर कुखुराको मलसमेत लिने गरेको बताए।

तरकारी खेती गर्नलाई मलको आवश्यक पर्ने भएकाले पनि घरमै मल उत्पादनको लागि भैँसीपालन व्यवसाय गरेको उनको भनाई छ। विदेशमा गएर त्यँहाको काम पनि सिकेर आफ्नै गाउँघरमा लागु गरेको उनको भनाई छ। उनले भने, 'पहिले तरकारी गर्नलाई जग्गा, जमिन थिइन्। अहिले त धेरै जोडिसकेका छौँ।' ३ बिगा जग्गामा घाँस लाउने र विउ उत्पादन गर्ने गरेको उनले जानकारी दिए।

**कृषि व्यवसायबाट मनग्य आम्दानी**

घर फर्केर आफ्नै खेतको माटोमा पसिना बगाउन थालेपछि भने उनको जीवनमा हरियाली छाउन थालेको वलीले बताउँछन्।

अहिले जीवनको उत्तरार्धमा व्यवसायिक तरकारी खेतीले प्रशस्त आम्दानी भइरहेको उनले बताए।

तरकारीबाट मनग्य आम्दानी हुने गरेको उनले जानकारी दिए। एक सिजनमा ६/७ लाख रुपैयाँ आम्दानी हुने गरेको उनले बताए। एक सिजन ४ महिना जति हुन्छ। जसको बार्षिक आम्दानी १५ लाख रुपैयाँ सम्म हेने गरेको उनले जानकारी दिए।

कृषि विकास निर्देशनालयको ५० प्रतिशत लगानी र आफ्नो ५० प्रतिशत लगानी रहेको उनले बताए। निर्देशनालयको सहयोगले गर्दा पनि तरकारी खेतीमा सहयोग मिलेको उनले बताए। कृषि विकास निर्देशनालयबाट पानी सिँचाईको लागि मोटर, पाईप, तरकारीको लागि टनेल, खेत जोत्नका लागि मिनि टेलर अनुदान पाएको उनले बताए।

सहकारीबाट केहि सहुलितमा ऋण लिएको र गुर्भाकोट नगरपालिकाले तरकारीको विउ, विजन दिएर सहयोग गर्ने गरेको उनले बताए। वलीले होम डेलिभरी पनि गर्छन्। कृषि गर्दा आफु निकै खुसी भएको र आफ्ना आवश्यकता पनि पुरा भएको उनले जानकारी दिए। तरकारी घरमै लिन आउनेलाई होलसेल रेटमा दिने गरेको र होमडेलिभरी गर्दा ५/१० रुपैयाँ बढिमा दिने गरेको उनले बताए।

**पानीको समस्या**

समयमा पानी आकाशबाट पर्दैन। जसले गर्दा पनि कृषि गर्ने कृषकहरु मर्कामा पर्ने गरेका छन्। कृषकलाई समस्या भनेकै पानीको छ। खेतीलाई आवश्यक पर्दा पानी नै पर्दैन। यो समस्या कृषक गोविन्द वलीलाई पनि छ। उनले रातको समयमा तरकारीमा सिँचाई गर्ने गरेको बताए। भोल्टेज कमका कारण मोटर नचल्ने गरेको उनको दुखेसो छ।

रात, दिन खटिनु पर्ने त हुन्छ। मोटर नचल्दा तनाव पनि उत्तिकै। राती ११ वजेदेखि विहान ४ वजे सम्म पनि पानी चार्ने गरेको उनले बताए। कृषि विकास निर्देशनालयलाई सोलारको व्यवस्था भएपनि मिलाईदिन आग्रह गरे।

## दुधबाट महिनामा ६५ हजार

कुनैबेला स्वदेशमा केही हुँदैन भनेर विदेश जाने सोच बनाएका वलीले अहिले २ वटा गाइ र ५ वटा भैँसीपालन गरेका छन्। उनले पाँच लाख रुपैयाँ लगानी गरी भैँसीपालन शुरु गरेका हुन्। उनले दैनिक ३५ लिटर दुध बेच्छन्, मासिक ६५ हजार आम्दानी हुने गरेको वलीले बताउँछन्। उनी भन्छन्, 'भैँसीले सधैँ एकैनासको दुध त दिदैन। तर महिनामा ५० हजारदेखि ६५ हजार रुपैयाँसम्म हुने गरेको छ।'

पहिले पनि उनले भैँसीपालन गर्ने भए पनि त्यो निर्वाहमुखी मात्रै थियो। अहिले तरकारीमा आफैले उत्पादन गरेको मल तरकारीमा प्रयोग गर्नको लागि पनि उनले भैँसीको संख्या बढाएर भैँसीबाट पनि घरै बसेर राम्रो आम्दानी गर्न थालेको उनले बताए। सरकारले कृषि, साना तथा मझौला उद्योगमा निश्चित प्रतिशत कर्जा दिने व्यवस्था गरेको छ।

व्यवसायिक र उद्यमी कृषकलाई सस्तो ब्याजमा ऋण उपलब्ध गराउँदा प्रदेशमा कृषि उत्पादन बढाउने, कृषि उद्यमी व्यवसायबाट पलायन हुने अवस्थाको अन्त्य हुने र युवाले कृषि पेशाप्रति रुचि बढाउने प्रदेश सरकारको लक्ष्य पनि छ।

# कथाकारले गरे प्रत्यक्ष कथा वाचन




युग संवाददाता
सुर्खेत, १५ वैशाख।

वीरेन्द्रनगरको एउटा हलमा शनिबार पाँच जना कथाकारले प्रत्यक्ष कथा वाचन गर्दा दर्शकलाई मोफसलमा नयाँ स्वाद मिल्यो। कथालाई पढ्ने खुराक र बिधामा मात्र सिमित गर्नुहुदैन भन्ने मान्यतालाई पछ्याउँदै यहाँका साहित्यकारले २/२ वटा कथा वाचन गरे।

वाङ्मय चौतारीले आयोजना गरेको कार्यक्रममा नाटक विधाका सशक्त निर्देशक र लेखक समेत रहेका साहित्यकार उमालाल आचार्यले नवरस मिश्रित कथा ' निशानी' र 'एउटा पर्चा' वाचन गर्दा दर्शकले सिनेमाको जस्तै झल्को आएको बताए।

कथा 'निशानी' वाचन गर्दागर्दै बाउ छोरीको बिछोड र बिलौनामा दर्शकका आँखा रसाए भने कथा पर्चाले एउटा जँड्याहा मजदुर कसरी डाक्टरले दिएको पर्चा पढेर सुध्रिन बाध्य हुन्छ अनि आफ्नी श्रीमतीलाई माया गर्दै जीवन लक्ष्यमा अघि बढ्छ भन्ने सन्देश दिन्छ।

कथाकार आचार्यका प्रकाशित कथामा 'डान्सबार' र 'कसुर' यतिखेर निकै चर्चामा छन्। यसबाहेक उनका निर्देशन र लेखनमा थुप्रै नाटकहरु राष्ट्रिय नाटक महोत्सव देखि देशभर प्रदर्शन भएका छन्।

नाटक विधाका सशक्त निर्देशक र लेखक समेत रहेका अर्का साहित्यकार गणेशभक्त्त गौतमले प्रस्तुत गरेको कथा 'तीनपाटो' ले समाजको वास्तविकतालाई छर्लङ्ग पार्दछ। वाङ्मय चौतारीका अध्यक्ष समेत रहेका गौतमले प्रकाशन गरेको नाटक सङ्गह 'युगारम्भ' निकै चर्चामा छ। उनका नाटकहरु मुशल पर्व, अंश कि बङ्कश, कुर्सी दौड लगायत विभिन्न समयमा राष्ट्रिय नाटक महोत्सव र देशभर प्रदर्शन समेत भएका थिए।

अर्का कथाकार मीनराज पन्तले प्रस्तुत गरेको कथा 'मनको कुना' ले पनि दर्शक तथा श्रोताको ध्यान खिच्यो। कथा 'भोक' वाचन गर्दा दर्शकहरु चुर्लुम्मै कथामा डुबेका देखिन्थे। उनका गजल र कविता विधामा पनि सशक्त रचनाहरु प्रकाशन भएका छन्।

अर्का साहित्यकार तथा रङ्गमन्चका सशक्त कलाकार गणेश बस्नेतका कथा 'राजधानीको घर' दर्शकले निकै मन पराए। आधुनिक समाजमा सन्तानले आफ्ना छोराछोरीबाट सहेको तिरस्कारलाइ कथामा समेटिएको छ भने कथा 'बिदाई' ले कर्मचारीतन्त्र भित्रको पाटोलाई उदाङ्गो बनाएको छ।

कथाकार बस्नेतलाई उक्त अवसरमा सम्मान समेत गरियो। साहित्यकार डाक्टर दिपक गौतमले बाङ्गमय चौतारी का तर्फबाट उनलाइ सम्मान गरेका हुन्। अर्का कथाकार नारायणविक्रम जिसीले प्रस्तूत गरेको कथा 'कार्यकर्ता' ले देशको भ्रष्ट राजनीतिलाई व्यङ्ग्य गरेको थियो भने अर्को कथा 'राजनीति' पनि जनताहरुलाई नेताले भेडा बनाएको संकेतका रुपमा प्रस्तुत थियो।

कथाका बारेमा गजलकार तथा साहित्यकार युवराज शर्माले प्रतिक्रियात्मक टिप्पणी गरे। कार्यक्रममा साहित्यकार तथा डाक्टर नवराज केसी, देवकी तिमिल्सिना, खगेन्द्र अधिकारी ' अमृत', सरस्वती अधिकारी पन्त लगायतको उपस्थिति रहेको थियो। कार्यक्रमलाई चलचित्र निर्देशक निर्मल प्याकुरेलले छायांकन गरे र बरिस्ठ कलाकार ज्ञानबहादुर नेपालीले बाँसुरीमा साथ दिएर जिवन्त तुल्याए।

# भेरी अस्पतालमा रेबिजविरुद्धको खोप अभाव

युग संवाददाता
बाँके, १५ वैशाख।

नेपालगञ्जस्थित भेरी अस्पतालमा रेबिज रोगविरुद्धको खोप नहुँदा सर्वसाधारण मर्कामा परेका छन्। सरकारले निःशुल्क रुपमा उपलब्ध गराउँदै आएको रेबिजविरुद्धको खोप भेरी अस्पतालमा गत चैत २२ गतेदेखि सकिँदा सर्वसाधारण चर्को मूल्य तिरेर निजी मेडिकलमा धाउन बाध्य भएका छन्।

विपन्न तथा गरिब परिवारका सर्वसाधारणले निजी मेडिकलबाट चर्को मूल्यमा रेबिजविरुद्धको खोप किन्नुपर्दा मर्का परेको बताएका छन्। "दैनिक ज्याला मजदुरी गरेर परिवारको पेट पाल्दैआएको छु, कुकुरले टोकेपछि निःशुल्क सुई पाइन्छ भनेर यहाँ आएँ, तर यहाँ सुई छैन, किनेर ल्याउन भने", कुकुरले टोकेपछि खोप लगाउन भेरी अस्पताल आएका नेपालगञ्ज उपमहानगरपालिका-१७ परसपुरका ४१ वर्षीय यासिन अलिले भने, "मजस्तो दैनिक ज्यालादारी गरेर जीवन चलाउने मान्छे यति महँगोमा सुई किनेर लगाउन पर्दा मर्कामा छु।"

अलिले अस्पताल बाहिर मेडिकलबाट रेबिजविरुद्धको एउटा खोपको ६ सय २५ तिरेर किनेको बताए। निःशुल्क रुपमा सरकारले प्रदान गर्ने खोपलाई सर्वसाधारणले यति धेरै मूल्यमा किन्नुपर्दा मर्कामा परेको उनको भनाइ छ। त्यसैगरी राजापुर नगरपालिका-९ इश्वरीगञ्ज बर्दियाका हरिलाल थारुले पनि त्यति टाढाबाट नेपालगञ्ज आउँदा पनि निःशुल्क खोप नपाउँदा दुःख लागेको बताए।

अस्पतालको एआरभी विभागमा कुकुर बिरालोले टोकेका दैनिक एक सयभन्दा बढी सर्वसाधारण नागरिक रेबिजविरुद्धको खोप लगाउन आउने गरेका छन्। "दैनिक ४० देखि ५० जना नयाँ बिरामी आउँछन्, त्यति नै संख्यामा पुराना बिरामी पनि आउँछन्, दैनिक सयभन्दा बढी कुकुरले टोकेका बिरामी यहाँ आउँछन्" भेरी अस्पतालका एआरभी विभागका सिनियर अहेब कृष्णबहादुर बुढाथोकीले भने, "अस्पतालमा खोप छैन, सबैलाई बाहिरबाट किनेर ल्याउन भन्छौँ।"

उनका अनुसार गत चैत २२ गतेदेखि नै अस्पतालको एआरभी विभागमा रेबिजविरुद्धको खोप सकिएको छ। कुकरले टोकेपछि तीनवटा रेबिजिविरुद्धको खोप लगाउनुपर्ने उनले बताए। अस्पतालमा रेबिजविरुद्धको खोप प्रदेश आपूर्ति केन्द्र र इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखाबाट आउने गरेको र हाल सो स्थानमा पनि मौज्दात शून्य भएको जानकारी प्राप्त भएको अस्पताल प्रशासनले जनाएको छ।

## धमाधम...

जानकारी दिए। उनका अनुसार सडकखण्डमा पानी व्यवस्थापन गर्न नाला बनाउने तथा सडक फराकिलो पारिँदै लैजाने योजना अनुरुप काम अघि बढेको छ।

हालसम्म सो कार्य ७० प्रतिशत पूरा भइसकेको उनले जानकारी दिए। कर्णाली राजमार्ग अन्तर्गतका दैलेख, कालीकोट जुम्ला र मुगु खण्डमा सडक मर्मत कार्य चलिरहेको कार्यालय प्रमुख विष्टको भनाइ छ।

## गाउँ...

यार्सा टिप्न जानु कसैलाई रहर त कसैलाई बाध्यता छ', उनले भनिन्, 'गरिबको रोजीरोटीकै लागि पाटन गन्तव्य बन्छ।

'गाउँमा रोजगारीको अवसर छैन, ज्यानकै जोखिम मोलेर भए पनि नातेदारसँग लेकतिर लागेका छन्', उनले भनिन्। स्थानीय सरकारले रोजगार प्रवर्द्धन हुने कार्यक्रम नल्याउँदा पनि युवाहरु पाटन जान बाध्य भएको यार्सा टिप्न लेकतिर लागेका जुम्लावासीको भनाइ छ। युवा उद्यमशीलताका विभिन्न कार्यक्रम अघि सारेर रोजगारी सिर्जना गर्ने स्थानीय सरकारको नारा नारामा सिमित छ।'

## बिउ...

बिउ निर्यात गरेको छ। यस्तै गत आर्थिक वर्ष २०७९/०८० मा विभिन्न जातका तरकारी तथा खाद्यबालीका बिउ बेचेर ३ करोड ६८ लाख ५१ हजार १ सय ५० रुपैयाँबराबरको कारोबार गरेको थियो।

कर्णाली प्रदेशको एक मात्र बिउ उद्योग सञ्चालन गरेको सहकारीले महिलालाई क्षमता अभिवृद्धिसहित रोजगारी दिदै आएको छ। पूर्ण रूपमा महिलाहरूबाट सञ्चालित संस्थामा हाल करिब १५ जनाले प्रत्यक्ष र झण्डै १७ सय बढी किसानले अप्रत्यक्ष रूपमा रोजगारी पाएका छन्। कृषि विकास निर्देशनालय, सुखेतका निर्देशक चित्रबहादुर रोकायाले कृषिलाई आधुनिकतातर्फ प्रशोधीकरण गर्दै अर्गानिक उत्पादनमा जोड दिन बिउ उत्पादन ब्लक क्षेत्र घोषणा गरी निर्देशनालयले विभिन्न कार्यक्रममार्फत सहयोग गरिरहेको बताए। निर्देनालयले विभिन्न समयमा कृषि उपकरण खरिद, भवन निर्माण, बिउ प्रशोधन गर्ने मेसिन खरिद, बिउ ढुवानीका लागि गाडि खरिद लगायतमा ८५ लाख बढी रकम संस्थालाई अनुदान वापत प्रदान गरेको रोकायाले बताए।

किसानलाई कृषि कर्ममा जोड्न सहकारी मार्फत निर्देशनालयले विभिन्न कार्यक्रम गरिरहेको उल्लेख गर्दै रोकायाले बिउ उत्पादनमा पूर्वी सुर्खेतका किसान आत्मनिर्भर बन्दै गएको बताए। उनका अनुसार निर्देशनालयले किसानलाई व्यवसायिक कृषिमा जोड्न सिंचाई, कृषि औजार खरिद, विभिन्न प्रजातिका तरकारी तथा खाद्यबालीका बिउविजनहरुमा अनुदान दिदै आएको छ।

# सरकारले अघि बढायो देशको सार्वभौम साख मूल्याङ्कन प्रक्रिया




युग संवाददाता
काठमाडौँ, १५ वैशाख।

सरकारले देशको सार्वभौम साख मूल्याङ्कन अर्थात् सोभरेन क्रेडिट रेटिङ को प्रक्रिया अघि बढाएको छ। तीन वर्षदेखि रोकिएको सार्वभौम साख मूल्याङ्कनलाई सरकारले लगानी सम्मेलनको पूर्वसन्ध्यामा अघि बढाएको हो।

सरकारले आर्थिक वर्ष २०७५र०७६ को बजेटमार्फत नै सार्वभौम क्रेडिट रेटिङ गर्ने घोषणा गरेको थियो। सार्वजनिक आह्वानमार्फत फिच रेटिङ एजेन्सीसँग सम्झौता गरेको भए पनि त्यस बेला कोरोना

महामारीका कारण अर्थतन्त्रका सबै सूचक नकारात्मक रहेको र सार्वभौम साख मूल्याङ्कन गर्दा अन्तर्राष्ट्रिय समुदायमा नकारात्मक सन्देश जाने भन्दै प्रक्रिया रोकिएको थियो। तीन वर्षअघि भएको अन्तर्राष्ट्रिय लगानी सम्मेलनका क्रममा पनि विदेशी लगानीकर्ताले सार्वभौम साख मूल्याङ्कनका लागि ढिला नगर्न सुझाव दिएका कारण सरकारले यस पटक लगानी सम्मेलन शुरु हुनै लाग्दा प्रक्रिया अघि बढाएको हो।

मन्त्रालयले हिजो सार्वभौम साख मूल्याङ्कन क्षमता विकास कार्यशाला आयोजना गरेको छ। देशको वित्तीय अवस्था तथा साख क्षमताको चित्र देखिने विभिन्न आधारमध्ये सार्वभौम साख मूल्याङ्कन मुख्य आधार हो। यस्तै देशको लगानी जोखिमको अवस्थाबारे यथार्थ जानकारी लिन पनि सार्वभौम साख मूल्याङ्कन गरिन्छ।

वैदेशिक लगानीकर्ताले लगानीको पूर्वसर्तका रूपमा सार्वभौम साख मूल्याङ्कनलाई लिने गरेका छन्। सार्वभौम साख मूल्याङ्कन नहुँदा अन्तर्राष्ट्रिय विकास साझेदारबाट नेपालले अहिलेसम्म ठूला पूर्वाधारका लागि व्यापारिक ऋण लिन सकेको छैन।

सूचना, समाचार तथा विज्ञापनका लागिः
०८३-५२१६२७

कर्णाली प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय

स्वास्थ्य संस्था वा स्वास्थ्य सेवा सञ्चालन सम्बन्धी तथा नवीकरण सम्बन्धी जरुरी सूचना

प्रस्तुत विषयमा कर्णाली प्रदेश सरकारले स्वास्थ्य सेवा नियमावली २०८० स्वीकृत गरी कार्यान्वयन गरिसकेको सन्दर्भमा प्रदेशभित्र स्थापना हुने तथासञ्चालनमा रहेका स्वास्थ्य संस्था तथा स्वास्थ्य सेवाहरुको सञ्चालनको क्रमसः यजाजत लिइ तथा नविकरण गरी सेवा सञ्चालन गर्नुपर्ने हुँदा कर्णाली प्रदेश स्वास्थ्य सेवा नियामवली २०८० को अनुसुची ६ बमोजिमको इजाजत प्राप्त गर्न दिने निवेदनको ढाँचा र इजाजत लिसकेका र नवीकरण गर्नुपर्ने स्वास्थ्य संस्थाहरुको हकमा अनुसुची-७ बमोजिमको नवीकरणका लागि दिइने निवेदनको ढाँचाम तपसिलमा उलेखित ाीकायहरुमा आपनो स्वास्थ्य संस्था तथा सेवाको इजाजत वा नविकरणका लागि निवेदन दिन यो सुचना जारी गरिएको छ। यदि समयमा नै इजाजत वा नविकरण नगरेमा प्रचलित कानुन बमोजिम जरिवाना गरिने ब्यवहोरा समेत सबैको लागि जानकारी गराइन्छ।
साथै इजाजत प्राप्त स्वास्थ्य संस्थाले स्वास्थ्य संस्थाभन्दा बाहिरकबाट घुम्ति शिविर वा घुम्ति अस्पताल मार्फत विशेषज्ञ स्वास्थ्य सेवा सञ्चालन गर्न चाहेमा सम्बन्धित जिल्लास्थित स्वास्थ्य कार्यालयमा निवेदन दिएपछि मात्र सञ्चालन गर्न गराउन हुन अनोरोध गरिन्छ।

| संस्था | इजाजतको लागि | नविकरणकोलागि निवेदन निकाय |
|---|---|---|
| पच्चीस शैया देखि दुईसय शैयासम्मका जनरल तथा विशेषज्ञ अस्पताल | निवेदन दिने निकाय | स्वास्थ्य सेवा निर्देशनालय, सुर्खेत |
| पच्चीस देखी पचास शैया सम्मका आयुर्वेद अस्पताल | सामाजिक विकास मन्त्रालय (साविम) | स्वास्थ्य सेवा निर्देशनालय, सुर्खेत |
| डेन्टल क्लिनिक/विशेषज्ञ/क्लिनिक/पोलिक्लिनिक | | सम्बन्धीत जिल्लाको जन/स्वास्थ्य सेवा कार्यालय |
| आायुर्वेद, होमियोप्याथि, प्राकुतिक चिकित्सा, आम्ची पोलिक्लनिक | | सम्बन्धीत जिल्लाको जन/स्वास्थ्य सेवा कार्यालय |
| आँखा उपचार केन्द्र | | सामाजिक विकास मन्त्रालय कर्णाली प्रदेश, सुर्खेत, |
| "सी" वर्गको प्रयोगशाला | | प्रदेश जनस्वास्थ्य प्रयोगशाला |
| "ख" श्रेण्मीको रेडियो इमेजिङ्ग सेन्टर | | सामाजिक विकास मन्त्रालय कर्णाली प्रदेश, सुर्खेत |
| पुनस्थापना केन्द्र पच्चीस शैयासम्म | | सामाजिक विकास मन्त्रालय कर्णाली प्रदेश, सुर्खेत |

**पुनश्चः** यस बाहेकका स्वास्थ्य संथाहरुको हकमा स्थानीय तह र संघीय सरकारको अधिकार क्षेत्र पर्ने हुँदा सोही बमोजिम गर्नहुन अनुरोध छ।

# कर्णालीमा वार्षिक तेईस हजार मेट्रिक टन खाद्यान्न अपुग

**रासस**
**सुर्खेत, १५ वैशाख ।**

कर्णाली प्रदेशमा वार्षिक २३ हजार मेट्रिक टनभन्दा धेरै खाद्यान्न अपुग हुने गरेको पाइएको छ । कर्णाली प्रदेश कृषि विकास निर्देशनालयको तथ्याङ्क अनुसार प्रदेशमा वार्षिक रुपमा २३ हजार चार सय ३४ मेट्रिक टन खाद्यान्न अपुग हुने गरेको हो ।

राष्ट्रिय जनगणना २०७८ अनुसार कर्णाली प्रदेशको जनसङ्ख्या १६ लाख ८८ हजार चार सय १२ रहेको छ । यो सङ्ख्यालाई आधार मान्दा कर्णालीमा वार्षिक एक जनालाई दुई सय एक किलो खाद्यान्न आवश्यक पर्दछ । कर्णालीमा अहिले वार्षिक तीन लाख २० हजार आठ सय ९० मेट्रिक टन खाद्यान्न उत्पादन हुने गरेको छ । कर्णालीलाई पूर्ण रुपमा खाद्यान्नमा आत्मनिर्भर हुन तीन लाख ४४ हजार तीन सय २४ मेट्रिक टन खाद्यान्न आवश्यक पर्ने कृषि विकास निर्देशनालयका कृषि प्रसार अधिकृत तिलकप्रसाद पाण्डेले जानकारी दिए । जिल्लागत रुपमा सल्यान, दैलेख र सुर्खेत मात्रै खाद्यान्नमा आत्मनिर्भर छन् । अन्य सात जिल्लालाई आफ्नै उत्पादनले वर्षभर धान्न नसक्ने गरेको पाण्डेले बताउनुभयो । ९१ हजार ३३ मेट्रिक टन खाद्यान्न उत्पादन हुने सुर्खेत खाद्यान्नमा आत्मनिर्भर छ । सुर्खेतमा चार हजार आठ सय ६७ मेट्रिक टन मौज्दात रहने गरेको निर्देशनालयले जनाएको छ ।

त्यसैगरी खाद्यान्नमा आत्मनिर्भर जिल्ला सल्यान हो । सल्यानमा वार्षिक ४७ हजार सात सय ८८ मेट्रिक टन खाद्यान्न आवश्यक पर्ने भए पनि ५२ हजार तीन सय ७४ मेट्रिक टन उत्पादन हुने गरेको छ । पाण्डेका अनुसार दैलेखमा पनि वार्षिक ५६ हजार आठ सय १२ मेट्रिक टन उत्पादन हुन्छ । जबकी दैलेखलाई ५० हजार तीन सय ६१ मेट्रिक टन खाद्यान्न आवश्यक पर्ने गरेको छ । अन्य सात जिल्ला भने खाद्यान्नमा आत्मनिर्भर हुन सकेका छैनन् । अहिले पनि डोल्पामा वार्षिक पाँच हजार ९९ मेट्रिक टन खाद्यन्न अपुग छ ।

# निःशुल्क वाईफाईबाट बैंकिङ कारोबार नगर्न आग्रह



**युग संवाददाता**
**काठमाडौं, १५ वैशाख ।**

नेपाल राष्ट्र बैंकले निःशुल्क अर्थात् फ्रि-चल्ने वाईफाईबाट बैंकिङ कारोबार नगर्न अनुरोध गरेको छ । पैसा भुक्तानी गर्दा वा पैसा लिँदा निःशुल्क चल्ने वाईफाईबाट असुरक्षित हुने भएकाले वित्तीय कारोबार गर्दा संस्थागत वा व्यक्तिगत दर्ता भएका सुरक्षित इन्टरनेट प्रयोग गर्नुपर्ने राष्ट्र बैंकले जनाएको छ ।

राष्ट्र बैंकका अनुसार सार्वजनिक ठाउँमा चल्ने इन्टरनेटको माध्यमबाट डिजिटल रुपमा वित्तीय कारोबार गर्दा अरुले ओटीपी, पासवर्ड, बैंक अकाउन्ट नम्बर, पिन कोड, रिसिभिङ टोकन जस्ता विवरण प्राप्त गर्न सक्ने जोखिम हुन सक्छ । शपिङ मल, होटेल, एयरपोर्ट, रेस्टुरेन्ट, कफी शप, सार्वजनिक यातायात आदि ठाउँमा हुने आधिकारिक वाईफाईको नाम पहिचान गरी वाईफाईसँग दिइएको पासवर्ड प्रयोग गरेर मात्र इन्टरनेट चलाउन राष्ट्र बैंकले भनेको छ ।

विभिन्न ह्याकरहरुले पनि उस्तै देखिने फ्री पब्लिक वाईफाई बनाउन सक्ने भएकाले त्यसप्रति सचेत रहन राष्ट्र बैंकले निर्देशन दिएको छ । कुनै सार्वजनिक वाईफाईसँग जोडिदा आफ्नो मोबाइल, ल्यापटप, कम्प्युटर, ट्याबलेट आदिको फाइल शेयरिङ अप्सन बन्द गर्नसमेत राष्ट्र बैंकको आग्रह छ । पुराना तथा म्याद गुज्रिएका उपकरणहरु जोखिमयुक्त हुनसक्ने भएकाले त्यस्ता उपकरणमा सार्वजनिक वाईफाई नचलाउन समेत राष्ट्र बैंकले भनेको छ ।

# Khajura Rural Municipality

## Office of the Rural Municipal Executive

## Invitation for Sealed Quotations

**First Date of Publication:2081/01/16**

1. Khajura Rural Municipality, Office of the Rural Municipal Executive ,invites electronic bids from eligible bidders for following Sealed Quotations under National Competitive Bidding Procedures .Only eligible bidders should participate in the bidding for the contracts as in the table below. The bid validity period is 45 days from the date of last date of bid submission. Bid security validity period should be 30 days beyond bid validity period.
2. Only Electronic Bidding through www.bolpatra.gov.np/egpis permitted and Sealed Quotation shall be submitted on or before(2024/05/13)12:00 Noon and Bid shall be opened on the same Submission date for Sealed Quotation at 14:00 Noon at Employer's Office: Khajura Rural Municipality, Banke.
3. Eligible Bidders may obtain the further information from Khajura Rural Municipality,Office of the Rural Municipal Executive,Bankeor may visit PPMO website www.bolpatra.gov.np/egpto download all the bidding documents.
4. Bidders should deposit cost of bidding document on the Aantarik Rajaswa Khata of Khajura Rural Municipality, Banke and upload the scanned copy (PDF format) of the bank deposit Voucher.

   **Account Name:** Antarik Rajaswa Khata **Account Number:**Ga.1.1(1112051498621003)
   **Name of the Bank:** NICA sia Bank ,Khajura, Banke

5. Bid Security(Cash/BidBond) should be deposited in Dharauti Khata of Khajura Rural Municipality,Banke. Account Name: Dharauti Khata

   **Account Number:** ga.3.(B141498621524004)
   **Name of the Bank:** NIC Asia Bank,Khajura,Banke

6. If the last date of bid submission falls on government holiday, then the next working day shall be considered as the last date.In such case the validity period of the bid security shall remain the same as specified for the original last date of submission.
7. Bidders are advised to visit site and assess the actual site conditions before submitting their bid.

| S. No. | Contract Number | ContractName | Estimated Amount without VAT, PS & Contingencies | Bid Security | Bid Doc fee |
|---|---|---|---|---|---|
| 1 | KRM/SQ/WORKS/ 35/2080-81 | Nera aa.bi. Basantapur Kakshya kotha nirman Khajura 5 | 1637483.99 | 50000 | 1000 |

**Chief Administrative Officer**


## घर निर्माण कार्यको लागि सम्झनुहोस्

हामी कहाँ J.C.B. टिपर, ट्र्याक्टर, ढुङ्गा, बालुवा, इट्टा, पानी टेङ्कर, मिक्चर मेशिन, ट्र्याङ्कर, जनेरेटर, भाइब्रेटर तथा विभिन्न साईजका पिलर फर्मा आदिका लागि सम्झनुहोस् ।
DIN कम्पनिका ब्रेकर समेत बिक्रि गरिन्छ ।



प्रो. शिवराज शाही
**शिवराज सप्लायर्स**
वी.न.पा.-३, सुर्खेत, । फोन ९८५८०४९५३५, ९८१२४३२२००

## घर जग्गाहरु खरिद बिक्री गर्दा ध्यान दिनुपर्ने मुख्य कुरा

१ घर जग्गा बिक्री गर्ने वास्तविक व्यक्ति बुझेर मात्र सो को कित्ता निजको हक भोगमा छ छैन एकिन गर्ने
२ उक्त कित्ताको मोठ क्षेस्था फोटो र तीनकुने ठिक भय नभयको एकिन गर्ने
३ जग्गा र नक्सामा बाटो छ छैन राम्ररी जाच्ने वा बुज्ने
४ कुनै अड्डा अदालत वा अन्य कुनै कार्यालयमा रोक्का वा मुद्दा छ छैन एकिन गर्ने
५ जग्गामा रहेको हक भोग आकार प्रकार मिल्छ वा मिल्दैन एकिन गर्ने
६ लाल पुर्जा र नक्सा मा क्षेत्र फल मिल्छ मिल्दैन एकिन गर्ने
७ उक्त कित्ता को चारै तर्फ को सिमाना विवाद भय नभयको फिल्डमा गयर साध सधियारहरुबाट भुझने
८ उक्त जग्गामा मोही भय नभयको बुझने
९ जग्गा रैकर वा गुठि के हो लाल पूर्जामा राम्रो संग हेर्ने
१० नक्सा अनुसारको जमिनमा चारै तर्फ सिमाना एकिन गर्ने र रेखांकन गर्ने गराउने

आधिकारीक घर जग्गा खरीद-बिक्री गर्ने कम्पनी मार्फत कारोबार गर्नु हुन अनुरोध छ ।
**कर्णाली मल्टी रियल स्टेट कम्पनी प्रा. लि.**
वीरेन्द्रनगर, सुर्खेत
०८३-५२३१८५, ९८१८८७२८०१, ९८५८०७२८०१

## ९० दिनमै अंग्रेजी भाषा बोल्न र लेख्न ग्यारेन्टीका साथै कम्प्यूटर

**हाम्रा विशेषताहरु**
- अंग्रेजी भाषा सिकेपछि अंग्रेजी विषयमा 99% मद्दत गर्ने, कक्षा ६ देखि डिग्री (Degree) सम्मको अंग्रेजी ट्युशन लिन नपर्ने साथै Grammar मा पूर्णरुपमा सहयोग गर्ने र सम्पूर्ण Free Writing मा सहयोग गर्ने ।
- विद्यार्थीको क्षमताको आधारमा कक्षा सञ्चालन हुने, पहिलो दिन मात्र नेपाली बोल्न पाइने दोस्रो दिनबाट अंग्रेजी बोल्न सिकाइने र साधारण बोल्न र लेख्न ८ दिनमै सकिने ।
- प्रत्येक दिन २ जनाको बीचमा १ घण्टा लेख्ने र १ घण्टा बोल्ने व्यवस्था गरिने ।
- हप्तामा १ पटक परिक्षा हुने र 90 दिनसम्म विद्यार्थी असफल भएमा निःशुल्क सिकाइने ।
- Audio and Video class and Projector को व्यबस्था भएको साथै विदेशीसँग कुराकानीको व्यबस्था मिलाइने ।
- Basic, Advance and Diploma पास भइसकेपछि Boarding School, INGO, NGO र अन्य अफिस मा जागिर पाउन सजिलो ।
- अंग्रेजी भाषा सिकेपछि मेजर अंग्रेजी (Major English) र विज्ञान विषयलाइ सहयोग गर्ने ।
- अंग्रेजी भाषा सिकाउने शिक्षक २०६१ सालबाट पढाएको अनुभव प्राप्त साथै आफ्नै किताबबाट सिकाइने र सी.सी. क्यामराबाट निगरानी गरिने ।
- साथै कम्प्यूटरका सबै कक्षाहरु बत्ती नभएको बेला पनि सञ्चालन भइरहेका छन ।

**इन्टरनेशनल इंग्लिश लैंग्विज एण्ड कम्प्यूटर इन्ष्टिच्यूट**
लक्ष्मीहल अगाडि वीरेन्द्रनगर-६, सुर्खेत । मो: नं ९८४८०७६८५६ (डी.बी. राना)

## हटलाइन मर्मत सेवा फोन गर्नुहोस । समस्या सुनाउनुहोस समाधान पाउनुहुनेछ ।

धेरै समस्याको समाधान अव एकै ठाउँबाट
१) पानी, बत्ती टुटफुट मर्मत सेवा ।
२) फर्निचर (कार्पेन्टर) मर्मत सेवा ।
३) आल्मोनियम, फ्रिफेब मर्मत सेवा ।
४) टायल, मार्बल टुटफुट मर्मत सेवा ।
५) वल्डिङ, बेल्डिङ मर्मत सेवा ।
६) पाथरुम, शौचालय मर्मत सेवा ।
७) कोठा सार्ने गाडी सुविधा ।
८) नयाँ, पुराना फर्निचर, ग्याँस चुलो, भाँडावर्तन खरिद-विक्रि तथा मर्मत
९) सेकेण्डहेण्ड स्कुटी, मोटरसाइकल खरिद-विक्रि
२४ शै घण्टा सेवा गर्ने अवसर दिनुहोस ।

**सामेल निर्माण सेवा**
वीरेन्द्रनगर-१२, सुर्खेत
हटलाइन मोवाइल नं. : ९८५८०२२७१८

भवानी छापाखाना DIGITAL COLOUR PRINTER
सुलभ दर तथा गुणस्तरीय छपाई तोकिएकै समयमा
**क्यालेण्डर**
स्पाइरल | साधारण | टेबल
के तपाई २०८१ सालको क्यालेण्डर छपाईको लागि विश्वसनीय छापाखानाको खोजीमा हुनुहुन्छ ?

•Screen Print •Offset Print •Digital Print
B.C. Group Karnali 2070
24 Years in Printing Experience
Quality & Quantity Printing House



संसार प्रसिद्ध HEIDELBERG
कर्णाली प्रदेशमै पहिलो पटक (20" × 30" & 19" × 25")
Multicolour Printing Machine
25000 Printing Per Hour



**भवानी छापाखाना**
Industry :- Birendranagar Industrial Area
: pressbhawani@gmail.com
Office :- Birendranagar-6, Surkhet
: 083-521615, 9858067999


युगआव्हान दैनिकका लागि प्रकाशक/सम्पादक: दीपककुमार बुढा क्षेत्री, प्रधान कार्यालय: वीरेन्द्रनगर-४, सुर्खेत, फोन: ०८३-५२१६२७/९८५८०५२८१०, ९८५८०५५६२८ मुद्रण: भवानी छापाखाना, सुर्खेत ।